सरकार र जेन-जीबीच...

दोस्रो बुँदामा सरकारले गठन गरेको उच्चस्तरीय जाँचबुझ आयोगले अत्यधिक बल प्रयोग र गैरन्यायिक हत्याको छानविन गरी दोषीहरूलाई फौजदारी कारबाही गर्न सिफारिस गर्ने, आन्दोलनकारीहरूलाई राजनीतिक गतिविधिमा सहभागी भएकै कारण फौजदारी कारबाही नगरिने उल्लेख छ। तेस्रो बुँदामा दलीय भागबन्डाका आधारमा गरिने नियुक्तिको अन्त्यलगायतका विषयमा निष्पक्ष छानबिन गरी सिफारिस गर्न एक उच्चस्तरीय आयोग गठन गर्ने उल्लेख छ। यसैका लागि संवैधानिक परिषद्को व्यवस्था भए पनि उक्त निकायबाट निर्णयको आलोचना हुँदै आएको छ।

त्यस्तै राजनीतिक दल तथा उम्मेदवारको खर्च पारदर्शी बनाउन कानुन संशोधन गर्ने सम्झौतामा भनिएको छ। यसकै लागि निर्वाचन आयोगले खर्चको सिलिङ तोक्नेदेखि उम्मेदवारले खर्च विवरण बुझाउनेसम्मको व्यवस्था गरेको छ। तर यो व्यवस्थाको कार्यान्वयनमा भने प्रश्न उठ्दै आएको छ। चौथो बुँदामा मतपत्रमा नोटा अर्थात् 'माथिका कसैलाई मतदान गर्दिनँ' भन्ने विकल्प राखिने उल्लेख छ। राजनीतिक दलभित्र 'प्राथमिक चुनाव' गरेर उम्मेदवार छनोट गर्ने विषय सम्झौतामा छ। यो कानुनी व्यवस्थाका लागि अध्यादेश ल्याउनुबाहेक हालको सरकारसँग अरू विकल्प देखिँदैन।

त्यस्तै एक उच्चस्तरीय 'संविधान संशोधन सुझाव आयोग' गठन गरिने पाँचौं बुँदामा भनिएको छ। तर यो सरकार निर्वाचन प्रयोजनका लागि गठन भएकाले संविधान संशोधन गर्न सक्छ कि सक्दैन भन्ने प्रश्न उठ्ने देखिन्छ। तीनै तहको सरकारका कार्यकारी प्रमुख र मन्त्रिपरिषद्का सदस्यहरूको कार्यकाल १० वर्ष नबढ्ने गरी दुई पूर्ण कार्यकालमा सीमित गर्ने सम्झौतामा भनिएको छ।

छैटौं बुँदामा जनसंख्याका आधारमा पूर्ण समानुपातिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचन प्रणाली सुधार गर्ने उल्लेख छ। सातौं बुँदामा विगतमा गठित सबै छानबिन आयोगका प्रतिवेदन सार्वजनिक गरिने, सार्वजनिक पदहरूमा पारदर्शी र प्रतिस्पर्धी छनोट प्रक्रिया सुनिश्चित गरिनेछ भने आठौं बुँदामा इन्टरनेट र डिजिटल माध्यममा अभिव्यक्ति स्वतन्त्रतामा कुनै किसिमको स्वैच्छिक सेन्सरसिप हुन नदिइने ग्यारेन्टी उल्लेख छ। नागरिकको डिजिटल तथ्यांकमाथि गैरकानुनी निगरानी र दुरुपयोग रोक्न कानुनी र प्राविधिक व्यवस्था गरिने पनि यसमा उल्लेख छ।

नवौं बुँदामा शासन व्यवस्था सञ्चालनमा सरकारलाई योगदान, खबरदारी र सुशासनका लागि सल्लाह, सुझाव र सहयोग प्रदान गर्नका लागि जेन-जी परिषद् गठन गरिने जनाइएको छ भने दसौं बुँदामा माथि उल्लिखित सबै विषय कार्यान्वयन गरिने सुनिश्चित गरिएको उल्लेख छ।

सम्झौतापत्रमा २३ र २४ भदौमा भएको प्रदर्शनलाई 'जनआन्दोलन' का रूपमा स्वीकार गरिएको छ। उक्त आन्दोलन हुनुका पछाडि 'देशमा व्याप्त भ्रष्टाचार, कुशासन, दण्डहीनता, भेदभाव, बहिष्करण तथा आर्थिक-सामाजिक असमानता र अन्यायजस्ता संरचनात्मक कारणहरूबाट सिर्जित द्वन्द्वको समयमै सम्बोधन नहुँदा उत्पन्न आम वितृष्णा र निराशा' रहेको जनाइएको छ। आन्दोलनपछि गठित सरकारलाई 'गैरदलीय, पारदर्शी, जवाफदेही, समावेशी र सक्षम अन्तरिम नागरिक सरकारको ऐतिहासिक आवश्यकताको उपज' भनिएको छ भने जनविश्वास गुमाएको प्रतिनिधिसभा विघटन गरिएको रूपमा व्याख्या गरिएको छ। संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानतामा आधारित समानुपातिक समावेशी राज्य प्रणाली, सामाजिक र आर्थिक न्याय सुनिश्चिततालाई पनि सम्झौतामा आत्मसात् गर्ने भनिएको छ। सुशासन, समावेशिता र जनसहभागिताका मान्यतामा आधारित संघीयता, स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको सुदृढीकरणबाट राज्यका नीति तथा कार्यक्रम प्राथमिकतामा राख्नुपर्ने भनिएको छ।

मुलुकमा भ्रष्टाचार निवारण र दण्डहीनता अन्त्य गर्न स्थायी आयोग गठन गरिने सम्झौता गरिएको छ। 'जेन-जी आन्दोलनका सहिद परिवार तथा घाइतेको सामूहिक मागअनुरूप मुलुकमा सदाचार तथा सुशासन प्रवर्द्धन, भ्रष्टाचार निवारण तथा दण्डहीनता अन्त्य गर्न छुट्टै स्थायी प्रकृतिको आयोग गठन गरिनेछ,' सम्झौतामा भनिएको छ। २३ र २४ भदौको घटना सम्बन्धमा गौरीबहादुर कार्की अध्यक्षताको जाँचबुझ आयोगको कार्यादेश थप गर्ने पनि सम्झौतापत्रमा उल्लेख गरिएको छ।

आन्दोलनमा सहभागी भएका कारण प्रहरी अनुसन्धान वा अभियोजनको दायरामा पारिएकाको विवरण झिकाएर अबको १५ दिनभित्र स्क्रिनिङ तथा छानबिन गर्ने भनिएको कार्यादेश थप गर्ने भनिएको छ। 'स्क्रिनिङ तथा छानबिनबाट सम्बन्धित व्यक्ति ज्यान मार्ने कसुर वा सुनियोजित/संगठित रूपमा कुनै आपराधिक गिरोहद्वारा भएको हुन सक्ने गम्भीर अपराधमा संलग्न रहेको नदेखिएमा पछि जाँचबुझ आयोगको प्रतिवेदनबमोजिम हुने गरी सो व्यक्तिलाई तत्काल हिरासत/थुनामुक्त गर्न र निजविरुद्ध दायर भएका मुद्दा फिर्ता लिन सरकारलाई सिफारिस गर्ने,' सम्झौतापत्रमा उल्लेख छ। आन्दोलनका क्रममा सुरक्षा निकायबाट भएका बल प्रयोगलाई 'अन्यायपूर्ण तथा गैरकानुनी' भन्दै त्यस्ता घटना दोहोरिन नदिनका लागि छुट्टै संयन्त्र गठन गर्ने र सो संयन्त्रले पेस गर्ने प्रतिवेदन सार्वजनिक गरी प्रतिवेदनमा उल्लिखित सिफारिसहरू तत्काल कार्यान्वयन गरिने पनि सम्झौतापत्रमा उल्लेख छ।

सम्झौता सकारात्मक भए पनि कार्यान्वयनमा समस्या हुने विज्ञहरूले प्रतिक्रिया दिएका छन्। मानवअधिकारकर्मी चरण प्रसाईंले सरकार र जेन-जीका बीचमा भएको सम्झौतालाई सकारात्मक रूपमा लिनुपर्ने टिप्पणी गरे। जेन-जी आन्दोलन ढिलै भए पनि दस्तावेजीकरण भएको उनको भनाइ छ। 'सम्झौतामा संविधान सुधार आयोगजस्ते धेरै आयोग र संयन्त्रका कुरा उल्लेख देखिन्छ। त्यो कार्यान्वयनका लागि संसद्देखि दलसम्म तयार हुनुपर्ने भएकाले कठिन भने पक्कै छ,' उनले भने। दस्तावेजले जेन-जीको मात्र नभई सबैको आवाज समेटेको सम्झौताको मस्यौदा निर्माणमा संलग्न वरिष्ठ अधिवक्ता राजु चापागाईंले बताए। 'सम्झौताले भ्रष्टाचार नियन्त्रण र आर्थिक, सामाजिक रूपान्तरणको बाटो खोलेको छ। अब कार्यान्वयन मुख्य कुरा हो,' चापागाईंले भने, 'प्रधानमन्त्रीले हस्ताक्षर गरेकाले पछि आउने संसद् र सरकारहरूले यो दस्तावेजलाई स्वीकार गर्नुपर्छ।'

जेन-जी प्रतिनिधि रेहान दंगालले केही नहुनुभन्दा एउटा दस्तावेजीकरण गर्ने काम भएको बताए। 'अहिलेसम्म हामी शून्य अवस्थामा थियौं। सम्झौताले जेन-जी आन्दोलन भएको थियो र यो परिवर्तनका लागि थियो भन्ने स्वीकार हुनुका साथै दस्तावेजीकरण भएको छ,' उनले भने, 'यसलाई कार्यान्वयन गर्ने दायित्व सबैको हो।' प्रधानमन्त्री कार्कीले सम्झौताले एउटा सानो मुस्कान ल्याएको बताइन्। 'हिजो ज्यान गुमाउनेहरू सहिद भएका छन्। जेन-जीका बीचमा राम्रो सहमति ड्राफ्ट बनेको छ, यो अरूले पनि अनुकरण गर्न सक्ने होस् भनेर हामीले पनि सहयोग गरेर तयार पारेका छौं,' कार्कीले भनिन्, 'यो राजपत्रमा छापिन्छ।'

सरकार र जेन-जीबीच सम्झौताका मुख्य बुँदा

१. सहिद तथा घाइते परिवारको परिपूरण
२. जनआन्दोलनका घटनाको निष्पक्ष छानबिन
३. राजनीतिक तथा नीतिगत भ्रष्टाचार नियन्त्रण
४. स्वतन्त्र तथा भयरहित निर्वाचन सुधार, विदेशमा रहेका नेपालीलाई समेत मताधिकार सुनिश्चित, दल र उम्मेदवारको खर्च पारदर्शी बनाउने कानुनी सुधार। मतपत्रमा 'नोटा' विकल्प थप्ने। दलभित्र अनिवार्य प्राथमिक निर्वाचन (प्राइमरी), पार्टी अध्यक्ष/सभापति अधिकतम दुई कार्यकालमा सीमित।
५. संविधान पुनरावलोकन तथा सुधार आयोग गठन। तीन महिनाभित्र सार्वजनिक परामर्शसहित संविधानको पुनरावलोकन। समानुपातिक प्रतिनिधित्व, भ्रष्टाचार नियन्त्रण, न्यायिक स्वतन्त्रता, संरचनागत सुधार, पदावधि सीमा, उम्मेदवारको न्यूनतम उमेर (२१ वर्ष) लगायत विषयमा विस्तृत सिफारिस गर्ने।
६. पूर्ण समानुपातिक समावेशिता। सबै संयन्त्रमा महिला, दलित, आदिवासी-जनजाति, मधेशी, थारू, मुस्लिम, अपांगता भएका व्यक्ति, सीमान्तकृत समुदाय, किसान-श्रमिक, पिछडिएका क्षेत्र तथा विपन्न खस-आर्यको प्रतिनिधित्व सुनिश्चित।
७. पारदर्शिता तथा जवाफदेहिता। सरकारी निर्णय, खर्च तथा प्रक्रिया सार्वजनिक गर्ने व्यवस्था सुदृढ। विगतका छानबिन आयोगका प्रतिवेदनहरू कानुनअनुसार सार्वजनिक। सार्वजनिक पदमा नियुक्तिमा पारदर्शी र प्रतिस्पर्धी प्रणाली लागू।
८. अभिव्यक्ति तथा डिजिटल स्वतन्त्रता। डिजिटल प्लाटफर्ममा अभिव्यक्ति तथा डेटाको सुरक्षा सुनिश्चित गर्ने कानुनी तथा प्राविधिक सुधार।
९. जेन-जी परिषद् गठन। जनआन्दोलनका उद्देश्य पूरा गर्न तथा सरकारका संयन्त्रहरूमा युवाको प्रतिनिधित्व सुनिश्चित गर्न 'जेन-जी परिषद्' गठन।
१०. सम्झौता कार्यान्वयन : हस्ताक्षर भएको मितिदेखि सम्झौता लागू।

आजको राशिफल

प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

मेष — कसैसित कतै भेट्ने काम आइलाग्ला। घरमा पनि पाहुना आउने सम्भावना छ। बेलामौका विचारी काममा हेरफेर गर्नुपर्ला।

वृष — आत्मविश्वासका साथ अघि बढ्नुपर्ने बेला छ। चित्त नबुझेको कुरामा ध्यान नदिएकै बेस हुनेछ। आफैंले आफ्नो अनुकूलताबारे विचार्नुपर्नेछ।

मिथुन — मनमा प्रसन्नता बढ्नेछ। पारिवारिक सुख एवं समृद्धि बढ्नेछ। प्रायः सबै कामहरु आफ्नै अनुकूलतामा सम्पन्न हुनेछन्।

कर्कट — कतै कहीं सहभागिता जनाउने अवसर मिल्न सक्छ। तपाईंको कुराको मान राखिनेछ। कुनै कामका लागि केही किनमेल हुन सक्छ।

सिंह — समसामयिक कुरा विचारेर पाइला चालिनेछ। आगामी दिनका लागि आफूलाई तयार गरिनेछ। प्रायः सबै कामकुराहरु आफ्नै अनुकूलतामा सम्पन्न हुनेछन्।

कन्या — सकेसम्म सबै कुरामा अद्यावधिक हुन खोजिनेछ। आफूलाई समयअनुसार चलाउन खोजिनेछ। आफ्नै सुझबुझमा काम सक्ने प्रयास गरिनेछ।

तुला — काम गर्ने जाँगर बढ्नेछ। सबै कुराहरु सोचेअनुसार टक्कटक्क मिल्दै जानेछन्। मनले खुसीको अनुभूति प्राप्त गर्नेछ।

वृश्चिक — विभिन्न माध्यमबाट काममा सहयोग पुग्नेछ। कुनै विशेष कार्यमा सहभागिता जनाउने अवसर मिल्नेछ। कुनै कुराले मनमा प्रसन्नता दिलाउनेछ।

धनु — समयावस्था विचारेर काम गर्न सके धेरै सहज हुनेछ। कसैको लहैलहैमा नलाग्नु नै उत्तम रहला। आफैंले आफ्नो अवस्था विचारेर चल्नु उचित रहला।

मकर — मन चञ्चल बन्दा काममा ढिलाइ हुन सक्छ। मनलाई शान्त राख्न सके काममा एकाग्र हुन सकिएला। आफैंले आफ्नो सहजताबारे विचार्नुपर्नेछ।

कुम्भ — मनपर्दो कामकुरामा आफूलाई खटाइनेछ। इच्छा भोजन गर्ने मौका मिल्ला। विविध कुराले गर्दा मन रमाउनेछ।

मीन — काम गर्ने जोस र जाँगर बढ्नेछ। विभिन्न माध्यमबाट काममा सहयोग पाइनेछ। सोचेअनुसार काम सम्पन्न गर्न पाउँदा मन प्रसन्न रहनेछ।

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२५ गते)

यस नगरपालिका द्वारा सञ्चालित धनगढी प्राकृतिक स्वास्थय अस्पतालको लागि सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा देहाय बमोजिमपदको लागि योग्यता पुगेका नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन मिति २०८२।०९।०२ गते बुधबार बेलुकी ४ बजेभित्र माग बमोजिमको विवरण सहित यस कार्यालयमा आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

क्र.सं.	विज्ञापन नं.	पद	तह	सेवा / समूह	आवश्यक संख्या	न्यूनतम शैक्षिक योग्यता
१.	ब२०८१।०८२/०१	प्राकृतिक चिकित्सक	८ औं	स्वास्थ्य/ प्राकृतिक चिकित्सक	१.	मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राकृतिक चिकित्सक (B.N.Y.S.) उपाधि प्राप्त गरेको।

योग्यता:
१. नेपाली नागरिक हुनुपर्नेछ।
२. उमेरको हदः आवेदन दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ।
३. समकक्षताः अन्तराष्ट्रिय शैक्षिक संस्थामा अध्ययन गरी योग्यता हाासिल गरेका उम्मेदवारले समकक्षताको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
४. आवेदन दिने विधिः योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले आवेदन फारम साथ पेश गर्नुपर्ने कागजात सहितको निवेदन यस कार्यालयको प्रशासन शाखामा पेश गर्नु पर्नेछ। आवेदन फारम निःशुल्क रुपमा यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध हुनेछ।
५. आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरू : आवेदन फारम भरी तोकिएको स्थानमा पासपोर्ट साईजको फोटो टाासी शैक्षिक योग्यताका प्रमाणपत्र (S.L.C. देखि न्यूनतम माग गरेको शैक्षिक योग्यता सम्मका) सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र (नवीकरण सहित) समकक्षताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र अनिवार्य रुपमा तथा माथिल्लो शैक्षिक योग्यता एवं अनुभवको प्रमाणपत्र समेत उपलब्ध भएसम्म स्वं. प्रमाणित आवेदन फारम साथ पेश गर्नु पर्नेछ।
६. आवेदन दस्तुर रु. १,०००/– (एक हजार मात्र)।
७. परीक्षाको किसिम : अर्न्तवार्ता हुनेछ।
८. सेवा सुविधाः नियमानुसार हुनेछ।
९. आवेदन बुझाउने स्थानः धनगढीमाई नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, धनगढी, सिरहा।

प्रमुख प्रशासकीय अधिकृत

भुमी सुधार तथा मालपोत कार्यालय बारा कलैयाबाट प्रकाशित हकदावी समबन्धि ३५ दिन सार्वजनिक सूचना।

सुनर राउतको नाती दारिका राउत अहिरको छोरा जिल्ला बारा साविक औरैया वार्ड नं.८ परिवर्तित कवहिगोठ वार्ड नं.९ हाल सुवंण गा.पा. वार्ड नं. २ बस्ने मेरो स्व.पति रामचन्द्र राउत अहिर लाई तत्कालिन भूमि प्रशासन कार्यालय पर्साको र.नं. १७८३ मिति २०२७/१०/६ मा तपसिल मा उलेखित लग्गा पुरेनवा दरवार बस्ने साविक दर्ता वाला जय साहले दानवकस पत्र गरीदिनु भएको र सो जग्गाको श्रेस्ता पुर्जा खोजतलाश गर्दा फेला नपरेको उक्तजग्गा को दा.खा. दर्ता गराउन छुट हुन गएको र निज पति रामचन्द्र राउत अहिर मिति २०६८/९/१ मा मृत्यु भएको ले निज को हक खाने हकवाला एक मात्र पत्नी म निवेदिका महेसिया अहिरीन बाहेक अरु कोही नभएको ले उक्तदान वकस पारीत लेखत बमोजिम को तपसिल मा उलेखित जग्गा मा निवेदीका महेसिया अहिरीन को नाम मा एकलौटी दा.खा. नामसारी गरीपाउ साथै सो जग्गा तामा गढी सिम्रौनगढ जाने सडकमा परी कित्ता काट समेत भैइसकेको भनी नापी कार्यालय ले प्लटबुक नक्शा लगायत को अभिलेख बाट देखिएको ले सो सडक मा परेको जग्गा सडक लगत कटागरी बाकी रहेको जग्गा मेरो नाउमा एकलौटी दा.खा. दर्ता गरी पाउ भनि महेसिया अहिरीन को माँग दावि निवेदन रहेको ले माँग बमोजिम निवेदिका को नाममा एकलौटी दा. खा. दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हक दावि लाग्ने भए वा सरकारी सार्वजनिक सँम्पतिको नोक्सानि हुने भए ठोस सबद प्रमाण सहित यो सुचना प्रकाशित भएको टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण सहित दावी उजुर गर्न आउनु होला। सुचना गर्नु होला अन्यथा कानुन बमोजिम भईजान्ने ब्यहोरा सम्बन्धित सबैको लागि यसै सुचना मार्फत सुचित गरीन्छ।

जिल्ला	गा.वि.स.	वाडा नं.	किता नं.	साविक क्षे.फ.	हाल कायममा कित्ताहर	हालको क्षेत्रफल
बारा	सिहासनी	२	२८४	२-३-०	७८१ ७८३ ७८२	०-२-१७-१/२ १-१५-१-४ ०-३-१-४ बाटो

वर्गीकृत डिस्प्ले

GROW WITH US
A well reputed school in Maitidevi requires the following personnel :
1) Secondary Science Teacher - 1
2) Middle School English Teacher: 2
3) Middle School Nepali Teacher:1
4) Middle School Mathematics Teacher -1
5) Grade Teachers- Few
6) ECA In-charge - 1
Interested and experienced individuals are encouraged to send the CV to the following Whatsapp numbers: 9851442255 984-1254652

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा

गाडि बिक्रिमा



जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

वर्गीकृत विज्ञापन

घर जग्गा
बालुवाटारमा कमर्सियल बिल्डिङ बिक्रिमा, ९७६१८६३५१६

सम्पर्क
इन्भेष्टमेन्ट कम्पनीकोलागि ९०करोड लोनचाहियो धितो जतिछ ९८५११२२९२०, ९८५१०९८४०६

सस्तोमा CashDeposit धितोफुकुवा, बैंकलोन 9851154609

Cashdeposit Statement धितोलोनचुक्ता शेयरलगत 9851006688

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

निर्माण सफाई
सेफ्टीट्याङ्की सफाई ठुलोगाडीमा मेसिनबाट ९८५१०२४३६४

ढलट्वाइलेट मंगल जामखोल्ने सस्तोमा 9843999386

ढलट्वाइलेट मंगालजामखोल्ने, मर्मतनिर्माणपनि, 9841559659, 9843052042

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

भाडामा
काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

Paying Guest (Standard) English/ Indian/ Nepali, Milanchowk, Baneshwor, 9803914240

तिनकुने सुविधानगरस्थित ग्लोबल बैंकसंगैको ट्राफिक लाईटको ठिकअगाडी पार्किङ्ग सुविधासहित ३.५तल्ले कमर्सियल भवन कर्पोरेट अफिस,बैंक, क्याफे,रेष्टुरेण्ट आदीकालागि उपयुक्त एयरपोर्ट, तिनकुनेपार्कको दृष्यावलोकन गर्नसकिने पुरैघर वा १.५तल्ला भाडामा सम्पर्क 9859035087

चाहियो
सेक्युरिटी गार्ड तु.अर्जेन्ट १९,०००-२३,००० ९८२३००५३८४

रेष्टुरेण्टमा किचेन हेल्पर, कुक मो. 9813475284

सहकारी बागबजारमा प्रबन्धक स्नातक 9841607310

परफेक्ट लोकेशनमा क्याफेएण्ड रेष्टुरेन्टकोलागि लगानीकर्ता चाहियो ९७६९४०३८१२

जापानीज भाषा जानेको चाहियो 9869612342

इन्स्योरेन्समा जागिर महिला पुरुष 9869612342

स्कुलको लागी आया, दिदि र मोन्टेश्वरी टिचर चाहियो, 9818186551

रिसोर्टमा वेटर, किचन हेल्पर, डिश-वासर चाहियो सम्पर्क: 9768263554

कुक र हेल्पर चाहियो 9841724091

Cosmetic कम्पनीमा कर्मचारी 18,500/- 9851158524

लाईट ड्राईभर, सेल्स मेन, 9851173073

खानाघर खानाबस्ने कुक हेल्पर वेटर कलंकी 9803744863

क्यान्टिनकोलागी कुक, हेल्पर, वेटर, मसाल्चि, ९८५११९१८४६

ब्वाईज होस्टललाई किचन हेल्पर चाहियो ९८१०३३३८७४

0% कमिशनमा रेष्टुरेण्टमा जागिरको साथै कोठा भाडामा १००,०००/- सम्मको लोन ६ महिनापछि मात्र भाडा तिर्ने सुविधा लिन सकिने 9869028713

Cook for School Sukedhara 9841200709

भर्ना
Distance Online BBA /MBA 9841206019

बिहावारी
USA Citizen केटालाई बधु, 9707966268

वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

रिजन एड मिडिया एण्ड मार्केटिङ्ग	पेप्सीकोला/कोटेश्वर	०१-४४९३५३१, ९८५११७८८३०
सुस्मिता क्लासिफाइड	नयाँबानेश्वर	०१-४१०४२३७, ९८५१०२११७२
सिद्धि गणेश एडभरटाइजिङ्ग	फुलबारी टोल, कपन	९८४१२८९४४७, ९८४३७८७५५६
युनिटेक आई.टी. सोलुसन	चुच्चेपाटी	९८४१३१५४४१, ०१४५८९९०२
जयबागेश्वरी कम्युनिकेशन	जयबागेश्वरी	०१-५२४१०११, ९८६३३३७२१७
हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन	जमल	४२२४१८१, ४०१२५७७
पब्लिक कन्ट्याक्ट प्वाइन्ट	कालिमाटी	४६७४८०१, ९८४१६९९३९३
न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस	लगनखेल	५५४३५८२, ९८४१८३४५३४
भ्याली कम्युनिकेशन सर्भिस	महाराजगञ्ज	०१४३७२३३०, ९८४९९६५२९३
बि. एण्ड बि. कम्यूनिकेशन	कलंकी	५२३४५३०, ९८४१०२१५२३
लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि.	गोंगबु, नयांवसपार्क	९८५१०२४३९८, ४३६४७५१
विडलिंक मिडिया	पु. बानेश्वरचोक	४४९२३०९, ९८४९९६०६१४
अनलाइन विज्ञापन सेवा	सिनामंगल	४४९१४१२, ९८५११२०१८०

पशुपति विज्ञापन सेवा	सोह्रखुट्टे चोक	९८६६४३०१५५, ९८१३६३५६०९
मरमिड	कलंकी	५२३४३४२, ९८४९४७५६७५
निशा बुक्स एण्ड स्टेशनरी	लगनखेल	५५३१९५७, ९८४१६२७४८९
सेढाई स्टेशनरी	बसुन्धरा	९८४६१७८२२८
नेपाल मिडिया कन्सर्ल्ट	सिफल	०१-४५७८१०३
सूर्य विनायक साइबर	भक्तपुर	५०९२६७४, ९८४१९७०८४१
डि. एण्ड डि एडभरटाइजिङ्ग	लुभु	५५८०४०६, ५५५४३३२
स्मार्ट इन्भेष्टमेन्ट	जोरपाटी	९८५१०८९२५३, ९७४१०१७२५३
प्रयास इन्टरप्राइजेज	बागबजार	४२४५१०८
किपु बुक प्वाइन्ट	कीर्तिपुर	४३३१७७५
कान्तिपुर सञ्चार सेवा	कमलपोखरी	४५१४९२२, ९८४१४७८६००
मिडिया वे प्रा.लि.	नयाँबजार	४३८७८५५, ९८४१५१७०४५
न्यु टिन्स स्टेशनरी	सातदोबाटो	९६१७७४९१०९, ९८४१३२३८२८
दीप सेवा कम्पनी	कोटेश्वर	४६०००७०

क्वीक कम्युनिकेशन सर्भिस	बालाजु	४९८३४५२, ४९८५४२६
गेटवे सञ्चार सेवा	सिनामंगल	९८०३७३९९८८, ९८५१०५३०७८
आर्क मिडिया	सुन्धारा	०१-५७१३९७१, ९८५१२२८२२८
अदीति विज्ञापन सेवा	कौशलटार	९८५११२२३८१
माउण्टेन एर एड	एकान्तकुना, नख्खु	५५३३७६६, ९८४९६६९४६५
लुमिनेन्ट एड एजेन्सी	कुमारीपाटी	०१-५१७१२१६, ९८५११९५५२५
सुविधा डटकम	बनस्थली	४३५२७७२, ९८४१७११५१२
सेभेन 24 प्रा.लि.	जावलाखेल, लपु	०१-५४४७७९७, ०१-५४३५९२४
मिडिया एडब	लाजिम्पाट	४००१०२५
सगरमाथा श्री मिडिया	बालकुमारी	९८४१९५४००७, ०१-५१००४७०
गणेश पुस्तक	काकंडभित्ता	९८४२६३३४०६, ०२३-५६३१०९
मुनाल पुस्तक पसल	गाईघाट	९८४२८७५५५५, ०३५-४२०१२५
श्रेष्ठ बुक्स एण्ड स्टेशनरी	दमक	०२३-५८४१२५, ९८४२६२०७५७
के.डि.ए. सप्लायर्स एण्ड एड	भरतपुर	०५६-५७२१०९, ९८४५१९९३६१
चितवन एडभरटाइजिङ्ग	भरतपुर	०५६-५३१००८, ९८५५०६३४०७

वर्गीकृत विज्ञापन साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- वर्गीकृत डिस्प्ले श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-* * म.अ.क. बाहेक
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np